# ताँजाकोट गाउँपालिका

# ताँजाकोट राजपत्र

खण्ड :०६ संख्या : ०१ प्रकाशित मिति : २०७९/११/०३


स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को (१) र ताँजाकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को उपदफा (४) को (१) बमोजिम ताँजाकोट गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग–०२

## आमा समूह गठन तथा परिचालन कार्यविधि, २०७९

**प्रस्तावनाः**

ताँजाकोट गाउँपालिकाको विकास प्रक्रियामा टोल तथा बस्ती स्तरबाट नै महिला आमा समूहको सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, साँस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न महिला मैत्री विकासको लागि वडा कार्यालयको सहयोगीको रुपमा काम गर्ने गरी आमा समूह गठन र परिचालनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

“प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :

(१) यो कार्यविधिको नाम "आमा समूह गठन तथा परिचालन सम्बन्धि कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कार्यालय" भन्नाले गाउँपालिकाको कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(ख) "आमा समुह" भन्नाले टोल बस्तीको समग्र विकासको लागि निश्चित भौगोलिक क्षेत्रका अधिकांश घर धुरीका आमा भईसकेका महिलाहरुको उपसस्थितिमा विकास निर्माण, सेवा प्रवाह र समाजिक परिचालनको क्षेत्रमा काम गर्ने उद्देश्यले गठन भई वडा कार्यालयमा सूचीकृत भएको आमाहरुको समूहलाई सम्झनुपर्छ।

(ग) "पदाधिकारी" भन्नाले संस्थाको कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यहरु समेतलाई सम्झनुपर्छ।

(घ) "बैठक" भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनुपर्छ।

(ङ) "वडा" भन्नाले गाउँपालिकाको वडालाई सम्झनुपर्छ।

(च) "विधान" भन्नाले समूहको विधानलाई सम्झनुपर्छ।

(छ) "समिति" भन्नाले समूहको कार्यसमिति सम्झनुपर्छ।

(ज) "साधारणसभा" भन्नाले समूहको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ।

(झ) "समुह" भन्नाले आमा समूहलाई सम्झनुपर्छ।

## परिच्छेद- २
## समुहको गठनतथा सूचीकृत सम्बन्धी व्यवस्था

३. **समुहको गठन** :

(१) गाउँपालिकाका क्षेत्रमा भौगोलिक तथा सामाजिक सामिप्यताको आधारमा गाउँपालिका भित्ररहेका आमा भई सकेका महिलाहरुको भेलाबाट आमा समूह गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समूहको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्यहरु रहने छन् :-

| | | |
|---|---|---|
| (क) | अध्यक्ष | १ जना |
| (ख) | उपाध्यक्ष | १ जना |
| (ग) | कोषाध्यक्ष | १ जना |
| (घ) | सचिव | १ जना |
| (ङ) | सदस्यहरु | ७ जना |

(३) उपदफा (२) बमोजिम समूह गठन गर्दा गाउँपालिकामा स्थायी बसोबास गर्ने आमा भई सकेका महिलाहरु कम्तिमा २५ जना भौगोलिक सन्तुलन तथा सामाजिक समावेशीकरणको आधारमा चार किल्ला भित्रका नागरिकहरुको आमभेलाबाट सर्वसम्मत रुपमा समूहको कार्य समिति गठन हुनेछ।

तर, यस दफा बमोजिम आमभेलामा सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतबाट कार्य समिति गठन गर्न बाधा पर्ने छैन।

(४) उपदफा (३) बमोजिम कार्यसमितिको कार्यकाल समाप्त भएपछि साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट कार्यसमितिको पुनर्गठन हुनेछ।

(५) कार्य समितिको कार्यावधि गठन भएको मितिले तीन वर्षको हुनेछ।

(६) अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिवको पदमा लगातार दुई कार्यकाल भन्दा बढी सोही पदमा काम गर्न सक्ने छैन।

(७) आमा समूहको कार्यक्षेत्र गाउँपालिका पुरै हुनेछ।

४. **कार्य समितिका पदाधिकारीको पद रिक्त सम्बन्धी व्यवस्था** :

(१) दफा ३ बमोजिम गठन भएको कार्य समितिका पदाधिकारीहरुको पद देहाय बमोजिमको अवस्थामा रिक्त हुनेछ।

(क) अध्यक्षले उपाध्यक्ष मार्फत कार्यसमितिको बैठकमा र उपाध्यक्ष सहित अन्य सदस्यले अध्यक्षलाई राजीनामा दिएमा।

(ख) भ्रष्टाचार वा अन्य कुनै फौजदारी अभियोगमा कसुरदार ठहरिएमा।

(ग) मृत्यु भएमा।

(२) उपदफा (१) बमोजिम अध्यक्षको पद रिक्त भएमा कार्य समितिको बाँकी अवधिको लागि उपाध्यक्षले अध्यक्ष भई कामकाज गर्नेछ। अन्य पदाधिकारीहरुको हकमा कार्य समितिले बाँकी अवधिको लागि समितिका सदस्यहरु मध्येबाट कुनै सदस्यलाई त्यस्तो रिक्त पदमा कामकाज गर्न लगाउन सक्नेछ।

५. **समूह सूचीकृत** : समुहको सूचीकृत देहाय बमोजिम हुनेछ : -

(क) समूहको साधारण भेलाले निर्णय गरी अनुसूची-१ बमोजिमको ढाँचामा सोही निवेदनमा उल्लिखित कागजातहरु समावेश गरी समूह सूचीकरणका लागि गाउँपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ।

(ख) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि गाउँपालिकाको कार्यालयले समूहको चारकिल्ला भित्रका सबै घरधुरी समावेश गरे नगरेको समेत हेरी अनुसूची-२ बमोजिमको ढाँचामा समूह सूचीकृत गरेको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ।

(ग) गाउँपालिकाको कार्यालयले यस दफा बमोजिम समूह सूचीकृत गरेको विवरण मासिक रुपमा कार्यपालिकाको कार्यालयमा पठाउनु पर्नेछ।

## परिच्छेद-३

## समूहको काम कर्तव्य,अधिकारहरु

६. **आमा समूहका कार्यहरु** :

(१) आमा समूहका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) गाउँपालिकामा समुदायमा शान्ति, सुरक्षार अमनचयन कायम गर्न सहयोग गर्ने।

(ख) गाउँपालिका भित्र सामुदायिक सदभाव, सहिष्णुता र भाइचाराको विकास गर्ने।

(ग) वडा र गाउँपालिकमा संचालन हुने विकास निर्माणका योजनाहरुको तर्जुमा, कार्यान्वयन र सुपरिवेक्षण तथा अनुगमनमा सहयोग गर्ने।

(घ) वडा र गाउँपालिकामा हुने परम्परागत जात्रा, मेला, पर्व तथा समारोहको व्यवस्थापनमा सहयोग गर्ने।

(ङ) वडा र गाउँपालिकामा रहेका सार्वजनिक तथा ऐलानी जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारहरुको संरक्षण गर्न तथा अतिक्रमण हुन नदिन सहयोग गर्ने ।

(च) वडा र गाउँपालिकामा विपद् व्यवस्थापन सम्बन्धी खोज, उद्धार, राहत वितरण, पुनर्निर्माण तथा पुनर्स्थापना कार्यमा सहयोग गर्ने ।

(छ) वडा र गाउँपालिकाको सरसफाई व्यवस्थापनको लागि सहयोग र समन्वय गर्ने/गराउने

(ज) छाडा पशु चौपाया व्यवस्थापनमा सहयोग गर्ने/गराउने ।

(झ) सडक बत्ती, सामुदायिक पार्क, सार्वजनिक शौचालय जस्ता सार्वजनिक सम्पत्तिको सञ्चालन र व्यवस्थापनमा सहयोग पुऱ्याउने ।

(ञ) कानून बमोजिम तिर्नु पर्ने कर, दस्तुर, सेवा शुल्क बुझाउने कार्यमा सहजीकरण गर्ने ।

(ट) वडामा बसोबास गर्ने गरिब, अशक्त, अपाङ्गता भएका व्यक्ति तथा बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन कार्यमा सहयोग गर्ने ।

(ठ) वडामा रहेका शैक्षिक तथा स्वास्थ्य संस्थाहरुको व्यवस्थापन र गुणस्तर सुधारको लागि सहयोग गर्ने ।

(ड) जन्म, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद, मृत्यु जस्ता व्यक्तिगत घटना दर्ताको लागि वडाबासीलाई उत्साहित र सहजीकरण गर्ने ।

(ढ) सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा आवश्यक सहजीकरण गर्ने ।

(ण) विद्युत चुहावट तथा चोरी नियन्त्रण कार्यमा सहयोग गर्ने ।

(त) वडामा खाद्यान्न, माछामासु, तरकारी, फलफूल, पेय पदार्थ लगायत दैनिक उपभोग्य सामग्रीको गुणस्तर र मुल्य सुचीको बारेमा जानकारी राखी बजार अनुगमन कार्यमा सहयोग गर्ने ।

(थ) उपभोक्ता हक हित संरक्षणको लागि पैरवी तथा जनचेतना अभिवृद्धि गर्ने ।

(द) वडामा हरियाली क्षेत्र विस्तार गरी वातावरण संरक्षणको कार्यमा सहयोग गर्ने ।

(ध) गाउँपालिकाको आर्थिक विकासका संभावनाका बारेमा छलफल गरी गाउँपालिका, गैर सरकारी तथा निजी क्षेत्रसँग समन्वय, सहजीकरण र पैरवी गर्ने ।

(न) भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिताको पालनाको लागि वडाबासीहरुलाई प्रोत्साहित गर्ने ।

(ऩ) विद्यालय भर्ना, खोप अभियान, साक्षरता अभियान, सरसफाई, लैंगिक हिंसा उन्मुलन जस्ता राष्ट्रिय अभियानहरुमा सहयोग र समन्वय गर्ने ।

(प) वडामा धनी, गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र श्रोतमा  परिचालनमा समान अधिकार स्थापित गर्न सहजीकरण गर्ने ।

(फ) घरेलु हिंसा, यौनजन्य हिंसा, मानव तस्करी, बालश्रम तथा बाध्यात्मक श्रम, छाउपडी लगायतका सामाजिक अपराध तथा खराबीहरु अन्त्य गर्न जनचेतना अभिवृद्धि गर्ने ।

(ब) वडा वडामा उद्यम विकाससँग सम्बन्धित कार्यक्रमहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने ।

(भ) गाउँपालिकाको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने ।

(म) वडा र गाउँपालिकामा सरकारी निकाय तथा गैर सरकारी संस्था मार्फत सञ्चालन हुने कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग गर्ने ।

(य) वडा र गाउँपालिकालाई वातावरणमैत्री, बाल मैत्री, पोषण मैत्री तथा पूर्ण सरसफाइयुक्त बनाउन कार्यक्रमहरु संचालन गर्ने तथा वडा कार्यालय र गाउँपालिकाका कार्यक्रम कार्यान्वयनमा सहयोग, समन्वय र सहजीकरण गर्ने ।

(र) वडा कार्यालय गाउँपालिका तथा अन्य सरकारी निकाय र गैरसरकारी संघसंस्थासँग गरेको सम्झौता तथा समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-४

## समूहको कार्य समितिको बैठक र पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

७. **समूहको कार्य समितिको बैठक :**

(१) समुहको कार्य समितिको बैठकको सञ्चालन देहाय बमोजिम हुनेछ :-

(क) कार्य समितिको बैठक महिनामा कम्तिमा एक पटक र आवश्कता अनुसार बस्नेछ।

(ख) समितिको बैठकमा वडा समिति तथा गाउँपालिका जनप्रतिनिधि, विज्ञ तथा अन्य सरोकारवालहरुलाई आमन्त्रण गर्न सकिनेछ।

(ग) समितिको वैठक निर्णयको मस्यौदा सचिवले तयार गर्नेछ।

(घ) समूहको बैठकको निर्णयहरु वैठकमा उपस्थित पदाधिकारीहरुबाट हस्ताक्षर गरी प्रमाणित गराउनु पर्नेछ।

(२) उदफा (१) बमोजिम बस्ने कार्यसमितिको बैठकको माइन्युट र समूहका प्रशासनिक तथा आर्थिक कारोबारसँग सम्बन्धित सम्पूर्ण कागजातहरु अध्यक्ष, सचिव र कोषाध्यक्षको जिम्मामा रहनेछन् ।

(३) कार्य समितिको बैठक समूहको कार्यालयमा बस्नेछ। समूहको कार्यालय स्थापना भई नसकेको अवस्थामा कार्यसमितिका सबै सदस्यलाई पायक पर्ने गरी उपयुक्त स्थानमा बैठक बस्ने गरी अध्यक्षले तोक्न सक्नेछ।

८. **समूहका कार्य समितिका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार :-** समूहका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार

(क) समूहको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने।

(ख) बैठकको अध्यक्षता गरी बैठक सञ्चालन गर्ने।

(ग) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने।

(घ) छलफल हुँदा सवैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने।

(ङ) समूहका निर्णयहरु लागू गर्ने, गराउने ।

(च) समूहले प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

(छ) आवश्यकता अनुसार विशेष बैठक बोलाउने ।

(ज) कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

(२) उपाध्यक्षको काम कर्तव्य र अधिकार :-

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने भनी तोकिएका कार्यहरु गर्ने ।

(ख) कार्य समितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(३) सचिवको काम, कर्तव्य र अधिकार :-

(क) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

(ख) छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।

(ग) समूहको क्रियाकलापको बारेमा सदस्यहरुलाई जानकारी गराउने ।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :-

(क) समूहको आम्दानी र खर्चको हिसाब राख्ने तथा विवरण तयार गर्ने।

(ख) बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने ।

(ग) समूहको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

(५) सदस्यहरुको काम, कर्तव्य र अधिकार :-

(क) समितिको बैठकमा उपस्थित हुने र छलफलमा सक्रीय रुपमा सहभागी हुने ।

(ख) समितिको निर्णय कार्यान्वयनमा सहयोग गर्ने। समितिको निर्णय कार्यान्वयन भए नभएको हेरी आवश्यकता अनुसार समितिको बैठकमा छलफलमा ल्याउने ।

(ग) आवश्कता अनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षको काममा सघाउने ।

(घ) कार्यसमितिले तोकेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद-५
## आर्थिक व्यवस्थापन

९. **समूहको आम्दानी :**

(१) समूहले देहाय बमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्नेछ :-

(क) गाउँपालिकाबाट प्राप्त हुने अनुदान रकम ।

(ख) सरकारी तथा गैर सरकारी निकायहरु, सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता तथा अनुदानको रकम ।

(ग) आमा समूहले आयमूलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी ।

(घ) गाउँपालिका, अन्य सरकारी निकाय तथा गैरसरकारी संघ संस्थासँग विकास निर्माण वा कार्यक्रम सञ्चालनको लागि सम्झौता बमोजिम प्राप्त रकम ।

(ङ) समूहका सदस्यहरुबाट प्राप्त शुल्क तथा सहयोगको रकम ।

(च) अन्य श्रोतबाट प्राप्त गरेको रकम ।

(२) समुहको नाममा प्राप्त हुने सबै रकम समूहको नाममा रहेको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

१०. **समूहको खर्च** : समूहको खर्च देहाय बमोजिम हुनेछ :

(क) कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लिखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नुपर्नेछ ।

(ख) समूहको नियमित सञ्चालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्च कार्यसमितिको निर्णय बमोजिम हुनेछ ।

११. **समूहको लेखा, प्रतिवेदन तथा अन्य :**

(१) समूहको खाता वडा कार्यालयको सिफारिसमा कार्यपालिकाको कार्यालयले तोकेको बैंकमा सञ्चालन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको बैंक खाता समूहका अध्यक्ष, उपाध्यक्ष र सचिव मध्ये कुनै दुई जना र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) कोषाध्यक्षले समूहको सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, समूहको संचालन र व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको विवरण स्पष्ट रुपमा राख्नुपर्नेछ ।

(४) कोषाध्यक्षले आम्दानी खर्चको हिसाब किताब चौमासिक रुपमा कार्य समितिको बैठकमा पेश गर्नुपर्नेछ।

(५) कार्यसमितिले प्रत्येक आर्थिक वर्षमा गरेको काम र आर्थिक कारोबारको यथार्थ विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र साधारण सभामापेश गर्नुपर्नेछ।

(६) समूहले आफ्नो वार्षिक कारोबारको प्रतिवेदन साधारणसभा, सम्बन्धित वडा कार्यलय र गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(७) गाउँपालिका तथा वडा कार्यालयले आवश्यकता अनुसार समूहको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

१२. **जिन्सी तथा वस्तुगत सहयोग लिन सक्ने** :

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि विपद् प्रभावित व्यक्तिको उद्दार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग गर्न कुनै सरकारी निकाय, गैर सरकारी संघसंस्था, निजी क्षेत्र तथा व्यक्ति विशेषबाट जिन्सी सामान तथा वस्तुगत सहयोग लिन सक्नेछ।

(२) समूहले उपदफा (१) बमोजिम प्राप्त सहयोग वडा समितिको समन्वयमा त्यस्तो विपदबाट प्रभावित व्यक्ति तथा परिवारलाई वितरण गर्न सक्नेछ।

(३) समूहले यस दफा बमोजिम प्राप्त सहयोगको विवरण वार्षिक प्रतिवेदनमा समेत समावेश गर्नुपर्नेछ।

## परिच्छेद-६
## विविध

१३. **समन्वय समिति** :

(१) समूहको कामको अनुगमन तथा समीक्षा गरी पृष्ठपोषण प्रदान गर्न हरेक गाउँपालिकामा देहायबमोजिमको समन्वय समिति रहनेछ :-

(क) गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि - संयोजक

(ख) उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य - सदस्य

(घ) सामाजिक विकास समिति सयोजक सदस्य - सदस्य

(ङ) कार्यपालिका सदस्य दुई जना महिला र दलित सहित तीन जना - सदस्य

(च) आमा समूहको प्रतिनिधि अध्यक्षले तोकेको एक जना सदस्य - सदस्य

(छ) सामाजिक विकास शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको बैठक कम्तीमा चौमासिक रुपमा बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिले वडा र गाउँपालिका भित्रका सबै समूहको काम कारवाहीलाई प्रभावकारी बनाउन कार्य समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले समूहको काम कारवाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन कार्यपालिकामा पेश गर्नुपर्नेछ।

१४. **बाधा अडकाउ फुकाउन सक्ने** : यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ।

१५. **कार्य समिति भंग गर्न सक्ने** : सार्वजनिक सम्पत्तिको हिनामिना गर्ने, प्रचलित कानून विपरित कार्य गर्ने तथा भ्रष्टाचार वा आर्थिक हिनामिना गरेको पाइएमा त्यस्तो कार्य समितिलाई सम्बन्धित वडा समितिको सिफारिसमा कार्यपालिकाले भंग गर्न सक्नेछ। यसरी कार्य समिति भंग भएको अवस्थामा एक महिना भित्र यसै कार्यवविधि बमोजिम नयाँ कार्य समिति गठन गर्नुपर्नेछ।

१६. **कार्यविधि संशोधन तथा खारेज गर्न सक्ने** :

(१) कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन तथा खारेज गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम यो कार्यविधि खारेज भएको अवस्थामा यस कार्यविधि बमोजिम स्थापना तथा सञ्चालन भएका समूहहरुको सम्पत्ति तथा दायित्व कार्यपालिकाको नाममा हुनेछ।

**अनुसूची-१**

**आमा समूहलाई सूचीकृत गर्ने निवेदन**

मिति :...................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
ताँजाकोट गाउँपालिकाको कार्यालय
हुम्ला, कर्णाली प्रदेश, नेपाल

विषयः आमा समूह सूचीकृत गर्ने सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा यस गाउँपालिकाको वडा नं. .... गठन गरिएको .................... ........................... आमा समूहलाई ........................... सूचीकृत गरिदिनुहुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु। यस .......................................... आमा समूहको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सीमित रहनेछ।

संलग्नः

उपस्थिति र निर्णय ।

कार्य समितिका सदस्यहरुको नाम थर ।

पूर्व सिमाना :...............................
पश्चिम सिमाना :...............................
उत्तर सिमाना :...............................
दक्षिण सिमाना :...............................
सदस्य सख्या जम्मा

निवेदक
समितिको तर्फबाट
अध्यक्षको नाम :........................
टोल विकास संस्थाको नाम :.......................
ठेगाना :..........................................

तााँजाकोट गाउँपालिका
कार्यपालिकाको कार्यालय
आमा समुह सूचीकृत प्रमाण-पत्र

...................................................... गाउँपालिका वडा नं. .... स्थित ................................ मा गठन भएको ................................ आमा समूहलाई यस कार्यालयमा मिति ................ मा सूचीकृत गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

यस गाउँपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक पुर्वाधार विकास र सुशासन कायम गर्ने क्षेत्रमा यस आमा समुहको सक्रीय सहभागिताको अपेक्षा गर्दछु।

.......................
लाल प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७९/१०/२९

आज्ञाले,
लाल प्रशाद ढकाल
प्रमुख प्रशासकय अधिकृत